# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, फेब्रुवरी २०१४
# प्रथम अध्यक्षताको सन्देश

## प्रेमको श्रीङ्खला

एक वयस्कलाई करीब १ इन्च (२.५ सेमी) फराकिला र करीब ८ इन्च (२० सेमी) लामा कागजका पातला २८ टुका बनाउन सहयोग गर्न भन्नुहोस् । यो महिनाको हरेक दिन कसैका लागि तपाइँको प्रेम देखाउन सेवाको कार्य गर्नुहोस् । तपाइँ तपाइँका अभिभावकलाई घर सफा गर्न सहयोग गर्न सक्नुहुन्छ वा छिमेकीका लागि राम्रो नोट लेख्न सक्नुहुन्छ ।

कागजको एक टुकामा हरेक दिन तपाइँले कसरी सेवा गर्नुहुन्छ भनेर लेख्नुहोस् र त्यसलाई वृत्त बनाउन त्यसको छेउ छेउमा टेप वा ग्लू लगाउनुहोस् । तपाइँ नयाँ टुकाको अघिल्लो दिनको तपाइँको वृत्तको एक छेउलाई थोरै बढाएर अर्को नयाँ टुका जोड्न सक्नुहुन्छ । तपाइँको सेवाको जोडलाई फेब्रुवरी सकिएपछि पनि तपाइँ यसमा निरन्तर थप गर्न सक्नुहुन्छ ।

सेवाको गृष्म

एलिजावेथ ब्लाइटद्वारा

लेखक भर्जिनिया, यूएस्ए मा बस्नुहन्छ ।

एक गृष्ममा विशेष आवश्यकतामा रहेका केटाकेटीहरूका लागि काम गरेर मैले अर्कै देशमा समय बिताएँ । जब मैले पहिलो पटक केटाकेटीहरूलाई भेटेँ म अति नै आतिएको थिएँ । म तिनीहरूको भाषा बोल्दैनथेँ तर आत्माले मेरो वार्तालापमा मलाई निर्देशन गर्नेछ भनेर मैले विश्वास गरेँ । जसै मैले हरेक केटाकेटीलाई चिनेँ, प्रेमका लागि भाषा अवरोध होइन भनेर मैले महसुस गरेँ । मैले केटाकेटीहरूसँग खेलेँ, हासेँ अनि मनोरञ्जन गरेँ अनि तिनीहरूका लागि पूर्ण प्रेमको महसुस गरेँ जुन गर्न रोक्न सकिन । स्वर्गमा रहनुहुने पितासँग उहाँका सन्ततीहरूका लागि भएको प्रेमको नजर पाएँ र` मेरो हृदय भरेको त्यो खुशी व्याख्या नै गर्न सकिदैनथ्यो ।

जहिले मैले अरूहरूको सेवा गरेँ, मैले आफूले सेवा गर्नेहरूका लागि मात्रै नभई स्वगमा रहनुहुने पिताका लागि पनि प्रेमको महसुस गरेँ । वास्तवमा नै मैले यो जानकारी पाएँ कि “जब तपाइँ तपाइँका जनहरूको सेवामा हुनुहुन्छ तपाइँ केवल तपाइँका परमेश्वरको सेवामा हुनुहुन्छ” मोसाया २:१७ । ठूलो सेवाको परियोजना वा दयाको सानो कार्यका माध्यमबाट मेरो सेवाको उद्देश्य परमेश्वरलाई महिमित पार्नु हो ( हेर्नुहोस् मत्ती ५:१६) । म आशा गर्छु कि जसै मैले अरूहरूको सेवा गर्छु, स्वर्गमा रहनुहुने पिता प्रतिको मेरो प्रेम र ममा प्रकासित हुने ख्रीष्टको प्रकासलाई मानिसहरूले चिन्नेछन् ।

**प्रेमले परमप्रभुको सेवा गर्नुहोस्**

# प्रथम अध्यक्षताको सन्देश, फेब्रुवरी २०१४

## प्रेमले परमप्रभुको सेवा गर्नुहोस्

### अध्यक्ष थमस एस् मनसनद्वारा

परमप्रभु येशू ख्रीष्टले सिकाउनुभयो, “जसले आफ्नो जीवन बचाउँछ त्यसले यसलाई गुमाउने छः तर जसले मेरा लागि उसको जीवन गुमाउनेछ त्यही नै सुरक्षित हुनेछ” लूका ९:२४

“म विश्वास गर्छु,” अध्यक्ष थमस एस्. मनसनले भन्नुभयो, “मुक्तिदाताले हामीलाई भनिरहनुभएको छ कि जबसम्म हामीले आफूस्वयंलाई अरूहरूको सेवामा हराउँदैनौँ हाम्रो आफ्नै जीवनको थोरै उद्देश्य हुन्छ । तिनीहरू जो आफ्ना लागि मात्रै जिउँछन् अन्ततः सङ्कुचित बन्छन् र भौतिक रूपमा तिनीहरूको जीवन

गुमाउँछन्, जबकि जो अरूको सेवामा तिनीहरूको जीवन गुमाउँछन् तिनीहरू नै बढ्छन् र फैलिन्छन् अनि वास्तवमा नै तिनीहरूको जीवन रक्षा गर्छन् ।" १

अध्यक्ष मनसनको सिकाईको तलको उदाहरणमा, उहाँले पछिल्ला दिनका सन्तहरूलाई स्मरण गराउनुहुन्छ कि तिनीहरू परमप्रभुका हातहरू हुन् र अनन्तताका आशीषहरू तिनीहरूका लागि प्रतिक्षारत छन् जसले आस्थावान् बनेर अरूहरूको सेवा गर्छन् ।

मन्दिरमा सेवा गर्ने

"महान् सेवा त्यतिबेला दिइन्छ जतिबेला विशिष्ट विधिहरू पर्दा बाहिर गइसकेकाहरूका लागि दिइन्छ । धेरै अवस्थामा हामीले तिनीहरूलाई चिन्दैनौं जसका लागि हामी काम गर्छौं । हामीले धन्यवादको अपेक्षा गर्दैनौं न त हामीले प्रदान गरेको कुरा तिनीहरूले स्वीकार गर्नेछन् भन्ने निश्चितता नै हामीसँग हुन्छ । जे भए तापनि, हामी सेवा गर्छौं र त्यो प्रक्रियामा हामीले त्यो हुन्छौं जुन अन्य तरिकाले आउँदैन, वास्तवमा नै हामी सियोनको पर्वतमा मुक्तिदाताहरू हुनेछौं । महान् वलिदानका रूपमा जसै हाम्रा मुक्तिदाताले हाम्रा लागि उहाँको जीवन दिनुभयो त्यसै गरी हामीले पनि सानो रूपमा त्यस्तै गर्छौं जव हामीले मन्दिरमा तिनीहरूका लागि प्रतिनिधिपात्रका रूपमा काम गर्छौं जसको पृथ्वीमा रहेका हामीहरूले तिनीहरूका लागि केही नगरिदिएसम्म अगाडि बढ्ने कुनै उपाय छैन ।"२

हामी परमप्रभुका हातहरू हौं

"मेरा दाजुभाइ र दिदीबहिनीहरू, हामीहरू हाम्रो ध्यान, प्रोत्साहन, समर्थन, सान्त्वना, दया आवश्यक पर्नेहरूले घेरिएका छौं जो परिवारका सदस्यहरू, साथीहरू, परिचित वा अपरिचितहरू हुन सक्छन् । यहाँ पृथ्वीमा हामी सेवा गर्ने र उहाँका सन्ततीलाई उठाउने दायित्व सहित परमप्रभुका हात हौं । उहाँ हामी हरेकमा आश्रृत हुनुहुन्छ । …

"त्यो सेवा जसका लागि हामी सबैलाई बोलावट भएको छ नै परमप्रभु येशू खीष्टको सेवा हो ।"३

मुक्तिदाताको छत्रछायाँमा सेवा गर्ने

"नयाँ संसारमा पुनरुत्थापित परमप्रभुले घोषणा गर्नुभयो, "मेरो चर्चमा तिमीले गर्ने पर्ने काम तिमीलाई थाहा छ, तिमीले मलाई जुन कार्य गरिरहेको देखेका छौ तिमीले पनि त्यही कार्य गर्नुपर्छ, मलाई तिमीले जे गरेको देखेका छौ तिमीले पनि त्यही गर्नुपर्नेछ ।"३ नफी २७:२१ ।

"हामीले नासरेथका येशूको छत्रछायाँमा सेवा गर्दा अरूहरूलाई सेवा गर्छौं … जो असल कार्य गरेर जानुभयो प्रेरित १०:३८ । जसै हामीले पृथ्वीमा रहेका स्वर्गमा रहनुहुने हाम्रा पिताका सन्ततीहरूको सेवा गर्छौं, परमेश्वरले हामीलाई खुशी प्राप्त गर्न आशीषित गर्नुहुन्छ ।"४

सेवा गर्नुको आवश्यकता

"हामीले सेवा गर्न अवसर दिनुपर्छ । ती सदस्यहरू जो कियाकलापबाट विचलित भएका छन् वा जो पछि हट्छन् र प्रतिवद्ध हुँदैनन्, प्रार्थनापूर्वक हामी तिनीहरूसम्म पुग्ने बाटो खोज्न सक्छौं । तिनीहरूलाई कुनै क्षमतामा सेवा गर्नका लागि आह्वान गर्नु उनीहरूलाई पूर्ण कियाकलापमा ल्याउन तिनीहरूलाई चाहिन एक उपाय हुन सक्छ । तर ती अगुवाहरू जसले यो प्रक्रियामा सहयोग गर्न सक्छन् कुनै समयमा यसो गर्न हिच्किचाउन सक्छन् । हामीले मानिसहरू परिवर्तित हुन सक्छन् भनेर सोच्नुपर्छ । तिनीहरूले गलत व्यवहारलाई पछि छोड्न सक्छन् । तिनीहरूले पापका लागि पश्चात्ताप गर्न सक्छन् । योग्यतापूर्वक तिनीहरूले पादरित्व वहन गर्न सक्छन् । अनि तिनीहरूले समर्पित भएर परमप्रभुको सेवा गर्न सक्छन् ।"५

के हामीले आफूले गर्नुपर्ने सबै कुरा गरिरहेका छौं ?

संसारलाई हाम्रो सहयोगको आवश्यकता छ । के हामीले आफूले गर्नुपर्ने सबै कुरा गरिरहेका छौं ? के हामीले अध्यक्ष जन टेलरका वचनहरू सम्झिएका छौं: "यदि तपाईंले तपाईंको बोलावटलाई पूरा गर्नभएन भने परमेश्वरले तपाईंले तपाईंको दायित्व पूरा गरेको भए सुरक्षित हुनसक्नेहरूका लागि उत्तरदायी

ठान्नुहुनेछ ?" चर्चका अध्यक्षहरूको शिक्षा: जन टेलर (२००१), १६४ । त्यहाँ स्थिर बनाउनका लागि गोडाहरू, थाम्नका लागि हातहरू, प्रोत्साहन गर्नका लागि मस्तिष्कहरू, प्रेरणा दिन हृदयहरू र बचाउनका लागि आत्माहरू छन् । अनन्ताको आशीषले तपाईंलाई प्रतिक्षा गर्छ । तपाईंको सुअवसर भनेको दर्सक नभई सेवाको ... स्टेजमा सहभागी हुने हो । ६

सूचीहरू


१ आज मैले कसैका लागि के गरेँ ? Liahona, नोभे. २००९, ८५ ।

२ अर्को पटक हामीले नभेट्दा सम्म, Liahona, मे २००९, १३३ १४ ।

३ "आज मैले कसैका लागि के गरेँ ?" ८६, ८७

४ "सेवा गर्न मुक्तिदाताको बोलावट," Liahona, अगस्ट २०१२, ५ ।

५ "अरूहरूलाई तिनीहरू बन्न सक्ने (सम्भाव्यताका) रूपमा हेर्नुहोस्," Liahona, नोभे. २०१२, ६८ ।"

६ "सेवाका लागि तयार र योग्य," Liahona, मे २०१२, ६९ ।

७ Teaching, No Greater Call: सुसमाचार सिकाइका लागि एक स्रोत निर्देशिका (१९९९), १२


यो सन्देशबाट सिकाउने

"यदि तपाईंसँग ख्रीष्टको जस्तै प्रेम छ भने, तपाईं सुसमाचार सिकाउनका लागि अझै राम्ररी तयार हुनुहुन्छ । मुक्तिदातालाई चिन्न र उहाँलाई अनुशरण गर्न अरूहरूलाई सहयोग गर्न तपाईं प्रेरित हुनुहुनेछ ।"७ तपाईंले भेट गर्नेहरूका लागि करूणा वृद्धि गर्न प्रार्थना गर्ने कुरालाई महत्व दिनुहोस् । जसै तपाईंले तिनीहरूका लागि ख्रीष्टको जस्तो प्रेमको विकास गर्नुहुनेछ, तपाईं अझै राम्ररी अर्थपूर्ण तरिकाले परमप्रभु र तपाईंले सिकाउनेहरू दुबैलाई सेवा गर्न सक्षम हुनुहुन्छ ।


© 2014 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदन: ६/१३ । अनुवाद अनुमोदन: ६/१३ । 10862-372 को अनुवाद ।

# भेट गर्ने शिक्षिकाको सन्देश, फेब्रुवरी २०१४

## येशू ख्रीष्टको दैवी लक्ष्य: असल भेडागोठाला

के बाँड्ने भनेर जान्नका लागि प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् । मुक्तिदाताको जीवन र लक्ष्य बुझ्नाले उहाँमा तपाईंको आस्था बढाउन र भेट गर्ने शिक्षिकाका माध्यमबाट तपाईंले हेर्नेहरूलाई आशीषित गर्न कसरी सहयोग गर्नेछ ? थप जानकारीका लागि, जानुहोस्

भेट गर्ने शिक्षिकाको सन्देशको श्रीङ्खलामा मुक्तिदाताको लक्ष्यको विशेषतालाई प्रस्तुत गर्ने यो एक भाग हो ।

येशू ख्रीष्ट असल भेडागोठालाले सिकाउनुभयो:

"तिमी कस्ता मानिस हौ, सय भेडाहरू भएर यदि तिनीहरू मध्ये एक हरायो भने उनान्सयलाई निर्जन भूमिका छोडेर त्यसलाई नपाउँदासम्म हराएको एउटाको पछि जाँदैन ?

"म तिमीलाई भन्छु कि ... पश्चात्ताप गर्ने एक पापीका लागि खुशी स्वर्गमा हुनेछ " लूका १५:४, ७ ।

जसै हामीले येशू ख्रीष्ट असल भेडागोठाला हुनुहुन्छ भनेर बुझ्छौं, उहाँको उदाहरणलाई अनुशरण गर्ने र आवश्यकतामा रहेकालाई सेवा गर्ने हाम्रो चाहना बढ्छ । येशूले भन्नुभयो: "म असल भेडागोठाला हूँ र मेरा भेडाहरूलाई चिन्छु र मेराहरूमा परिचित छु । ... अनि मैले मेरा भेडाहरूका लागि मेरो जीवन दिएँ " यूहन्ना १०:१४ १५ । ख्रीष्टको प्रायश्चित्तका कारण हामी कसैले पनि हाम्रो घर जाने बाटो पत्ता लगाउन नसक्ने गरी हराउने छैनौं । हेर्नुहोस् लूका १५ ।

अध्यक्ष थमस एस् मनसनले भन्नुभयो, "अरूहरूको सेवा गर्ने हाम्रो दायित्व हो । ... हामी हरेकले सेवा गर्न अगाडि बढ्न सकौं ।"

धर्मशास्त्रहरूबाट

भजन संग्रह २३, यसैया ४०:११, मोसाया २६:२१

हाम्रो इतिहासबाट

एलिजावेथ एना विट्नी जो १८३० मा रिलिफ सोसाइटीको पहिलो सभामा सहभागी हुनुभयो ले उहाँको परिवर्तनका बारेमा बताउनुभयो: "जसै मैले एल्डरहरूले पढाएको सुसमाचार सुनें, मैले थाहा पाएँ कि यो असल भेडागोठालाको आवाज हुनुपर्छ ।" एलिजावेथले असल भेडागोठालाको आवाजको अनुशरण गर्नुभयो र बप्तिस्मा लिई प्रमाणित हुनुभयो ।

हामीले पनि असल भेडागोठालाको आवाज सुन्न सक्छौं र उहाँका शिक्षाहरूलाई अरूहरूसँग बाँड्न सक्छौं । अध्यक्ष मनसनले भन्नुभयो, "उहाँका सन्ततीहरूलाई सेवा र उत्थान गर्ने दायित्वसँगै यहाँ पृथ्वीमा हामी परमप्रभुका हातहरू हौं ।"

भेडागोठालाले हराएको भेडा खोजे जस्तै विचलित भएका केटाकेटीहरूलाई अभिभावकले खोज्न सक्नुहुन्छ । अध्यक्ष जेम्स इ फाउस्ट (१९२०-२००७) प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार, भन्नुभयो: "ती हृदय विखण्डित भएका अभिभावकहरू जो उहाँहरू अनाज्ञाकारी केटाकेटीहरूलाई सिकाउनका लागि धार्मिक, लगनशील र प्रार्थनायुक्त हुनुहुन्छ, हामी तपाईंहरूलाई भन्छौं असल भेडागोठालाले तिनीहरूलाई हेरिरहनुभएको छ । परमेश्वरले तपाईंहरूको गहिरो पीडा थाहा पाउनुहुन्छ र बुझ्नुहुन्छ । त्यहाँ आशा छ । "४

**सूचीहरू**

१ थमस एस् मनसन, “Heavenly Homes, Forever Families,” Liahona जुन २००६, ७० ।

२ एलिजावेथ एना विट्नी, Daughters in My Kingdom: The History and Work of Relief Society मा (२०११), १२८ ।

३ थमस एस् मनसन्, “मैले आज कसैका लागि के गरेँ?” Liahona, नोभे. २००९, ८६ ।

४ जेम्स् इ फाउष्ट, “विचलित भएका भेडाहरू नै प्रिय हुन्छन्,” Liahona मे २००३, ६८ ।

मैले के गर्न सक्छु?

१ मुक्तिदाता असल भेडा गोठाले हुनुहुन्छ भन्ने जान्नाले कसरी हाम्रो जीवनमा शान्ति ल्याउँछ?

२ ***चर्चका कियाकलापहरूबाट “हराएका”वा हाम्रो आस्थामा नरहेकाहरूलाई हामी कुन तरिकाहरूबाट सेवा गर्न सक्छौँ?***

३ सुसमाचार अनुरूप जिउनबाट विचलित केटाकेटीका अभिभावकहरूलाई म कसरी सहयोग गर्न सक्छु?

© 2014 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१३ । अनुवाद अनुमोदनः ६/१३ । 10862-372 को अनुवाद ।